## पाठ २७

१. नयाँ फारोले इज्रेलीहरूलाई के गरे ?
- फारोले सबै इज्रेलीहरूलाई दास बनाए ।

२. फारोले किन इज्रेलीहरूलाई दास बनाए ?
- किनभने फारो इज्रेलीहरूले तिनको देशमा सत्ता विप्लव मच्चाउछन् कि भनी डराएका थिए ।

३. फारो किन इज्रेलीहरूले सत्ता विप्लव मच्चाउछन् कि भनी डराए ?
- किनभने इज्रेलीहरूको जनसङ्ख्या बढेर गएको थियो ।

४. इज्रेलीहरूलाई दास बनाउन कसले फारोलाई निर्देशन दिइरहेको थियो ?
- शैतानले ।

५. शैतान किन इज्रेलीहरूलाई खतम पार्न चाहन्थ्यो ?
- किनभने शैतानलाई परमेश्वरले इज्रेलीहरूद्वारा उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभएको छ भन्ने थाहा थियो ।

६. परमेश्वरले किन इज्रेलीहरूलाई आशिष् दिनुभयो ?
- किनभने परमेश्वर इज्रेलीहरूलाई प्रेम गर्नुहुन्थ्यो ।
- किनभने परमेश्वर उहाँले अब्राहाम, इसहाक र याकूबसँग गरेको प्रतिज्ञा भङ्ग गर्नुहुँदैनथ्यो ।

७. परमेश्वरले किन फारोकी छोरीलाई मोसालाई धर्मछोरा बनाउन पठाउनुभयो ?
- किनभने परमेश्वरले मोसाद्वारा इज्रेलीहरूलाई मिश्रबाट बाहिर निकाल्ने योजना बनाउनुभएको थियो ।

८. के इज्रेलीहरू तिनीहरूलाई फारोबाट जोगाउन सक्षम थिए ?
- थिएनन् ।

९. के मोसा इज्रेलीहरूलाई फारोबाट रक्षा गर्न सक्षम थिए ?
- थिएनन् ।

१०. को एकजना मात्रै हुनुहुन्थ्यो जसले इज्रेलीहरूलाई फारोबाट बचाउन सक्नुहुन्थ्यो ?

- परमेश्वर ।

११. कसले मात्रै मानिसहरूलाई शैतानबाट सुरक्षित राख्नसक्नुहुन्छ ।
- परमेश्वरले ।

- इज्रेलीहरू ४०० वर्षसम्म दास बनेर मिश्रमा बसे ।

- किनभने इज्रेलीहरूमाथि धेरै थिचोमिचो भएको थियो त्यसैले परमेश्वरको सामु तिनीहरू रोइकराइ गरे ।

आउनुस् प्रस्थान २:२३ख पद पढौं ।

तर इस्राएलका मानिसहरू अझै कठोर काम गर्नु बाध्य थिए। यसकारण तिनीहरूले सहायताको निम्ति प्रार्थना गरे अनि तिनीहरूको प्रार्थना परमेश्वरले सुन्नु भयो।

- के परमेश्वरले इज्रेलीहरूको बिन्ती सुन्नुभयो ?

आउनुस् प्रस्थान २:२४-२५ पद पढौं ।

24 परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नु भयो र उहाँले अब्राहाम, इसहाक अनि याकूबसित गर्नु भएको करार सम्झनु भयो। 25 परमेश्वरले इस्राएलका मानिसहरूको कष्टहरू देख्नु भयो अनि चाँडै तिनीहरूलाई सहायता गर्नु पर्ने उहाँले बुझ्नु भयो।

- परमेश्वरले इज्रेलीहरूको बिन्ती सुन्नुभयो ।

- परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग गरेको प्रतिज्ञा सम्झिनुभयो ।

- परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग के प्रतिज्ञा गर्नुभएको थियो ?

- परमेश्वरको प्रतिज्ञा यही थियो कि ४०० वर्षपछि उहाँले इज्रेलीहरूलाई कनानको भूमिमा फिर्ता लानुहुने थियो ।

- सायद इज्रेलीहरूले परमेश्वरले तिनीहरूलाई भुल्नुभयो भनी ठानेका थिए तर परमेश्वर भुल्नुहुन्न ।

- परमेश्वरले जे गर्छु भनी प्रतिज्ञा गर्नुहुन्छ त्यो सधैँ गर्नुहुन्छ ।

- यद्यपि परमेश्वरलाई कहिल्यै हतारो हुँदैन उहाँले गर्छु भनी आँटेको काम आफ्नो समयमा सधैं गर्नुहुन्छ ।

- मोसा कहाँ थिए ।

- के परमेश्वरले मोसाद्वारा इज्रेलीहरूलाई मिश्रबाट बाहिर निकाल्ने योजना बनाउनुभएको थिएन र ?

- के परमेश्वरले मोसाद्वारा इज्रेलीहरूलाई दासत्वबाट बाहिर निकाल्ने योजना बनाउनुभएको थिएन र ?
- किनभने फारोले मोसालाई मार्न चाहे त्यसैले मोसा भागेर मिद्यान भन्ने मुलुकमा गए ।

- मिद्यानमा मोसाले विवाह गरे र दुईजना छोरा जन्माए ।

- एकदिन तिनी जब तिनका ससुराका भेडा चराउन गोठालो गएका थिए तिनले जङ्गलमा अनौठो चिज देखे ।

आउनुस् प्रस्थान ३:१-३ पद पढौं ।

त्यस समय मोशा उसको ससूराका भेंडाहरूको हेरचाह गर्दैथिए। तिनका ससूरा यित्रो मिद्यानमा पूजाहारी थिए। मोशाले भेंडाहरू मरुभूमिको पश्चिमतिर लगे। मोशा होरेब, परमेश्वरको पहाड गए।
2 पर्वतमा मोशाले परमप्रभुको दूतलाई एउटा बल्दै गरेको पोथ्रामा देखे।

पोथ्रामा आगो जलिरहेको थियो तर पोथ्रा चाँहि भस्म भएको थिएन। उनले हेरे त्यो आगो पोथ्रामा जलि रहेको थियो तर पोथ्रा भस्म भएको थिएन।
3 मोशाले विचार गरे, "किन पोथ्रा आगोद्वारा नाश भएको छैन?"

- मोसाले के देखे ?
- मोसाले जलिरहेको एउटा पोथ्रो देखे तर त्यो जलेर भष्म भइरहेको थिएन ।

- मोसाले देखेको जलिरहेको पोथ्रो किन भष्म भइरहेको थिएन ?
- किनभने परमेश्वर त्यस पोथ्रामा हुनुहुन्थ्यो ।

- किनभने परमेश्वर त्यस पोथ्रामा हुनुहुन्थ्यो त्यसैले त्यो भष्म भएको थिएन ।
- परमेश्वर सधैँ शक्तिशाली हुनुहुन्छ ।

- परमेश्वरले जे गर्न सक्नुहुन्छ त्यो कसैले पनि गर्न सक्दैन ।

- परमेश्वर किन जलिरहेको पोथ्रामा हुनुहुन्थ्यो ?
- किनभने परमेश्वर मोसासँग इज्रेलीहरूको बारेमा कुरा गर्न चाहनुहुन्थ्यो ।

- इज्रेलीहरू कसरी जलिरहेको पोथ्राजस्ता थिए ?

- जसरी त्यस अग्निले त्यस पोथ्रालाई जलाउन चाहन्यो त्यसरी नै फारो र शैतानले पनि इज्रेलीहरूलाई जलाउन चाहन्थे ।

- जसरी परमेश्वर जलिरहेको पोथ्रामा हुनुहुन्थ्यो त्यसरी नै उहाँ इज्रेलीहरूसँग हुनुहुन्थ्यो ।

- फारो र शैतान इज्रेलीहरूलाई खतम पार्न सक्दैनथे किनकि इज्रेलीहरू परमेश्वरसँग हुनुहुन्थ्यो ।

- जलिरहेको पोथ्राबाट परमेश्वरले मोसालाई तिनको नाउँ काढेर बोलाउनुभयो ।

आउनुस् प्रस्थान ३:४ पद पढौं ।

4 जब परमप्रभुले मोशालाई त्यो दृश्य ध्यान पूर्वक हेर्न आएको देख्नुभयो परमप्रभुले पोथ्राबाट यसो भन्दै बोलाउनु भयो, "मोशा! मोशा!" मोशाले उत्तर दिए, "म यहाँ छु।"

- परमेश्वरले मोसालाई त्यस पोथ्राबाट नबोलाउन्जेलसम्म मोसालाई त्यहाँ परमेश्वर हुनुहुन्छ भन्ने थाहा थिएन ।

- परमेश्वरलाई मोसाको भाषा कसरी थाहा भयो ?
- परमेश्वरलाई सबै भाषा थाहा हुन्छ ।
- परमेश्वले नजान्ने कुनै भाषा छैन ।

- परमेश्वरलाई तपाईंको भाषा पनि थाहा छ ।

- तपाईंले भन्ने हरेक कुरा परमेश्वरले सुन्नुहुन्छ ।
- तपाईंले भन्ने हरेक कुरा परमेश्वरले बुझ्नुहुन्छ ।

- तपाईंले खासखुस मात्रै गर्नुभयो भने पनि परमेश्वरले सुन्नुहुन्छ ।

- परमेश्वरले मोसासँग जलिरहेको पोथ्राबाट फेरि बोल्नुभयो ।

आउनुस् प्रस्थान ३:५-६ पद पढौं ।

[5] तब परमेश्वरले भन्नुभयो, "नजिक नआऊ। जुन ठाउँमा तिमी उभिरहेका छौ त्यो भूमि पवित्र हो
यसर्थ आफ्नो जुत्ता खोल। [6] म तिम्रा पिता-पुर्खाहरू अब्राहाम, इसहाक र याकूबको परमेश्वर हुँ।
मोशाले उसको अनुहार छोपे किनभने ऊ परमेश्वर तिर हेर्न डराएका थिए।

- परमेश्वरले मोसालाई किन जुत्ता फुकाल्न भन्नुभयो ?

- किनभने मोसा सिद्ध परमेश्वरको सामुन्ने उभिएका थिए ।
- किनभने मोसा पवित्र परमेश्वरको सामुन्ने उभिएका थिए ।

- त्यसपछि परमेश्वरले मोसासँग इज्रेलीहरूको बारेमा भन्नुभयो ।

आउनुस् प्रस्थान ३:७-१० पद पढौं ।

[7] परमेश्वरले उनलाई भन्नुभयो, "मिश्रमा भएका मेरो मानिसहरूले कष्ट भोगेको मैले देखेको छु।
मैले तिनीहरूको शोकपूर्ण प्रार्थनाहरू सुनेको छु, जब तिनीहरूका कमारा मालिकहरूले जबरजस्ती
कठिन कामहरू गर्न लगाए। म तिनीहरूको दुःखको कारण पनि जानेकोछु। [8] अब म त्यहाँ जान्छु
अनि मेरो मानिसहरूलाई मिश्री मानिसहरूबाट बचाउँछु। म तिनीहरूलाई त्यस स्थानबाट निकालेर
तिनीहरूले कष्ट भोग्नु नपर्ने स्थानमा लिएर जान्छु। त्यो ठाउँ धेरै-धेरै असल चीजहरूले भरिएको
हुनेछ र कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसी जस्ता विभिन्न जातिका मानिसहरू बसो-
बास गर्छन्। [9] मैले इस्राएलका मानिसहरूको पुकार सुनेकोछु। मैले देखें मिश्रीहरूले तिनीहरूका
निम्ति जीवन कति कठोर बनाइदिएका छन्। [10] यसकारण अब म तिमीलाई फिरऊन कहाँ पठाउँछु।
जाऊ अनि मेरा मानिस इस्राएलीहरूलाई मिश्रबाट बाहिर ल्याऊ।"

- परमेश्वरले मोसासँग उहाँले तिनीहरूको चित्कार सुनेको छु भन्नुभयो ।

- परमेश्वरले मोसालाई उहाँले इज्रेलीहरूलाई मिश्रीहरूको हातबाट छुटाउन मोसालाई छानेको छु भन्नुभयो ।

- परमेश्वरले मोसालाई उहाँले इज्रेलीहरूलाई कनानको भूमिमा फिर्ता लैजान अगुवाइ गर्न चुनेको छु भन्नुभयो ।

- मोसाले परमेश्वरलाई के जवाफ दिए ?

आउनुस् प्रस्थान ३:११ पद पढौं ।

11 तर मोशाले परमेश्वरलाई भने, "म कुनै एउटा त्यस्तो महान मानिस होइन। म कसरी त्यो मानिस हुन सक्छु जो फिरऊन कहाँ जान सक्छ र इस्राएलीहरूलाई मिश्रबाट बाहिर ल्याउन सक्छ?"

- मोसाले परमेश्वरलाई तिनले इज्रेलीहरूलाई मिश्रबाट निकालेर लैजान अगुवाइ गर्न सक्दैनन् भने ।
- मोसाले किन परमेश्वरलाई तिनले इज्रेलीहरूलाई मिश्रबाट निकालेर लैजान अगुवाइ गर्न सक्दैनन् भने ?

- किनभने मोसाले पहिले आफूले इज्रेलीहरूलाई सहयोग गर्न खोजेको र असफल भएको कुरा सम्झे ।

- परमेश्वरले मोसालाई के जवाफ दिनुभयो ?

आउनुस् प्रस्थान ३:१२ पद पढौं ।

12 परमेश्वरले भन्नुभयो, "तिमीले भलो गर्न सक्छौ किनभने म तिमीसित हुनेछु। यही प्रमाण हुनेछ कि मैले तिमीलाई पठाउँदैछु तिमीले इस्राएलीहरूलाई मिश्रदेशाबाट अगुवाई गरेपछि, तिमी आउनेछौ अनि यही पर्वतमा आराधना गर्नेछौ।"

- परमेश्वरले मोसालाई उहाँ तिनीसितै हुनेछु भन्नुभयो ।
- परमेश्वरले मोसालाई एउटा चिन्ह पनि दिनुभयो ।

- परमेश्वरले मोसालाई दिनुभएको चिन्ह के थियो ?

- परमेश्वरले मोसालाई अहिले तिनी उभिइरहेको जलिरहेको पोथ्रो भएको पहाडमा फेरि फर्काएर ल्याउनेछु भनि प्रतिज्ञा गर्नुभयो ।

- त्यस पहाडको नाउँ सिनाइ पर्वत थियो ।

- मोसाले त्यसपछि परमेश्वरलाई के जवाफ दिए ?

आउनुस् प्रस्थान ३:१३ पद पढौं ।

13 तब मोशाले परमेश्वरलाई भने, "जब म इस्राएलीहरू कहाँ जान्छु अनि तिनीहरूलाई भन्छु, 'म तिमीहरूका पिता-पुर्खाहरूका परमेश्वरद्वारा पठाइएको हुँ,' अनि तिनीहरूले तपाईंको नाउँ सोधेमा मैले के भन्नु पर्नेछ?"

- यदि मोसाले परमेश्वरले तिनलाई इज्रेलीहरूको उद्धारको लागि पठाउनुभएको हो भने भने इज्रेलीहरूले विश्वास गर्ने छैनन् भनेर मोसा डराए ।

- त्यसकारण मोसाले परमेश्वरसँग उहाँको नाउँ मागे ताकि इज्रेलीहरूसँग तिनले उहाँको नाउँ लिन सकून् ।

- परमेश्वरले के जवाफ दिनुभयो ?

आउनुस् प्रस्थान ३:१४ पद पढौं ।

[14]तब परमेश्वरले मोशालाई भन्नुभयो, "'म जो हुँ त्यही हुँ' तिनीहरूलाई भनिदेऊ, 'म हुँ,' भन्नेले तिमीलाई तिनीहरूकहाँ पठाएको हो।"

- परमेश्वरले मोसालाई "म हुँ" भन्नेले पठाउनुभएको हो भन्नु भन्नुभयो ।

- परमेश्वरको म हुँ भन्ने नाउँको अर्थ के हो ?

- यसको अर्थ यही हो कि परमेश्वरको कुनै आदि छैन ।
- परमेश्वरको कुनै अन्त छैन ।

- परमेश्वर सधैं हुनुहुन्छ ।
- परमेश्वर नहुनुभएको कुनै समय नै छैन ।

- परमेश्वरले मोसालाई यो पनि भन्नुभयो ।

आउनुस् उत्पत्ति ३:१५-१८क पद पढौं ।

[15]परमेश्वरले मोशालाई अझ भन्नुभयो, "तिमीले इस्राएलीहरूलाई के भन्नु पर्छ भने, 'परमप्रभु तिम्रो पिता-पुर्खाहरूका परमेश्वर, अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुनुहुन्छ। मेरो नाउँ सदैव परमप्रभु रहनेछ। यही रूपमा मानिसहरूले मलाई पुस्तौं-पुस्तासम्म चिन्नेछन्,' यसैकारण मानिसहरूलाई भन, 'परमप्रभुले मलाई तिमीहरू कहाँ पठाउनु भएको छ।'"

[16]परमेश्वरले मोशालाई फेरि भन्नुभयो, "जाऊ अनि इस्राएलका बूढा प्रधानहरूलाई एकत्रित गर अनि तिनीहरूलाई भन, 'यहोवा, तिमीहरूका पिता-पुर्खाहरूका अब्राहाम, इसहाक अनि याकूबका परमेश्वर मेरोअघि मानिस जस्तै प्रकट हुनुभयो अनि मलाई भन्नु भयो, यहाँ मिश्रमा भोगेका कष्टहरू र शोकहरू उहाँलाई थाह छ र तिमीहरूलाई उहाँ कष्टबाट मुक्त गराउनु चाहनु हुन्छ। [17]उहाँले यसो भन्नु भयो तिमीहरूलाई मिश्रबाट बाहिर निकाल्नु हुनेछ, अनि विभिन्न जातिहरूको भूमिमा लानु हुनेछन् जस्तै कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसीहरू अनि दूध र मह बगिरहेको भूमिमा पुर्याउनु हुनेछ।'

[18] "ती बूढा-प्रधानहरूले तिमीहरूको कुरा सुन्नेछन्। त्यसपछि तिमी र बूढा-प्रधानहरू मिश्रका राजा
कहाँ जानेछौ। तिमीले राजालाई भन्ने छौ, 'यहोवा हिब्रू मानिसहरूका परमेश्वर हुन्।

- परमेश्वरले मोसालाई यो पनि भन्नुभयो कि अब्राहाम, इसहाक र याकूबका परमेश्वरले मोसालाई इज्रेलीहरूकहाँ पठाउनुभएको हो ।

- के फारो इज्रेलीहरूलाई मिश्र छोडेर जान दिनेवाला थिए ?

- परमेश्वरले यसो भन्नुभयो ।

आउनुस् उत्पत्ति ३:१९-२० पद पढौं ।

[9] "तर म जान्दछु मिश्रको राजाले तिमीहरूलाई जान दिनु हुँदैन कुनै महा-शक्तिले मात्र उहाँलाई जानु
दिने बनाउनेछौ। [20] यसर्थ तिनीहरूमाझ म अचम्मका कुराहरू गर्न महा-शक्ति प्रयोग गर्नेछु। जब म महा-
शक्तिको प्रयोग गर्छु राजाले तिनीहरूलाई छोड्न बाध्य गर्नेछु।

- के परमेश्वरलाई फारोले इज्रेलीहरूलाई मिश्र छोडेर सजिलै जान दिने छैनन् भन्ने थाहा थियो ?
- थाहा थियो ।

- फारोले इज्रेलीहरूलाई मिश्र छोडेर जान दिने छैनन् भन्ने परमेश्वरलाई कसरी थाहा भयो ?
- परमेश्वरलाई सबै कुरा थाहा हुन्छ ।

- तपाईंले मनमा केही कुरा सोच्नु पहिल्यै परमेश्वरले तपाईंको विचार जान्नुहुन्छ ।

- तपाईंले केही भन्नुभन्दा पहिल्यै परमेश्वरले तपाईंको शब्द थाहा पाउनुहुन्छ ।

- तपाईंले केही काम गर्नुभन्दा पहिल्यै परमेश्वरले तपाईंको काम थाहा पाउनुहुन्छ ।

- मोसा अझै पनि इज्रेलीहरूले तिनलाई परमेश्वरले इज्रेलीहरूलाई मिश्रबाट निकाल्न अगुवाइ गर्न पठाउनभएको हो भन्ने कुरा पत्याउने छैनन् भनी डराइरहेका थिए ।

- यहाँ मोसाले परमेश्वरलाई के भने भन्ने कुरा लेखिएको छ ।

आउनुस् प्रस्थान ४:२-९ पद पढौं ।

[2] तर परमप्रभुले मोशालाई भन्नुभयो, "त्यो तिम्रो हातमा भएको के हो?"

मोशाले उत्तर दिए, "यो मेरो हिंड्ने लहुरो हो।"

[3] तब परमेश्वरले मोशालाई भन्नु भयो, "त्यो तिम्रो हिँड्ने लहुरो भूँईंमा फ्याँकि देऊ।"

मोशाले आफ्नो लहुरो भूईंमा फ्याँकिदिए पछि अचनाक लहुरो सर्पमा परिणत भयो। मोशा डराए अनि त्यहाँबाट टाढा गए। [4] तर परमप्रभुले मोशालाई भन्नुभयो, "अघि बढ र सर्पको पुच्छरमा समात।"

मोशा सर्प नजिक पुगे अनि त्यसको पुच्छरमा समाते। जब मोशाले सर्पलाई समाते त्यो फेरि लहुरो नै भइहाल्यो। [5] तब परमप्रभुले मोशालाई भन्नु भयो, "आफ्नो लहुरो तिमीले यसरी नै प्रयोग गर, अनि मानिसहरूले विश्वास गर्नेछन् परमप्रभु तिनीहरूका पिता-पुर्खाहरूको परमेश्वर, अब्राहामको परमेश्वर, इसहाकका परमेश्वर अनि याकूबका परमेश्वर तिम्रोअघि प्रकट हुनु भएको थियो।"

[6] त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, "म तिमीलाई अर्को एउटा प्रमाण दिनेछु। आफ्नो लुगाभित्र हात हाल।"

यसर्थ मोशाले लगाएको लुगा खोले अनि आफ्नो हात त्यसभित्र हाले। तब मोशाले उसको हात लुगाबाट बाहिर निकाल्दा उसको हात सेतो हिउँ जस्तो दागै-दाग भएको पाए।

[7] तब परमेश्वरले भन्नुभयो, "अब फेरि तिम्रो हात लुगाभित्र हाल।" यसकारण मोशाले आफ्नो हात लुगाभित्र फेरि हाले मोशाले आफ्नो हात लुगाभित्र हालेर फेरि बाहिर निकाले। त्यो फेरि पहिलेकै जस्तो राम्रो भयो।

[8] तब परमेश्वरले मोशालाई भन्नुभयो, "यदि मानिसहरूले तिमीलाई विश्वास गर्दैन जब तिमी हिंड्ने लहुरो प्रयोग गर्छौ जब तिमी तिनीहरूलाई यो संकेत देखाउँछौ, तिनीहरूले तिमीलाई विश्वास गर्नेछन्। [9] यी दुइ संकेतहरू देखाउँदा पनि तिनीहरूले तिमीहरूलाई आफैं विश्वास गरेनन् भने तिमीले नील नदीबाट केही पानी ल्याऊ। त्यो पानी भूईंमा खन्याऊ, यसले भूईं छुने वित्तिकै त्यो रगतमा परिवर्तन हुनेछ।"

- परमेश्वरले मोसालाई इज्रेलीहरूको अगुवा चुन्नुभएको पहिलो चिन्ह के थियो ?

- मोसाले मन्त्रेर फ्याँकेको लौरो सर्प बन्यो र फेरि लौरो बन्यो ।

- परमेश्वरले मोसालाई इज्रेलीहरूको अगुवा चुन्नुभएको दोस्रो चिन्ह के थियो ?

- मोसाका हात तिनले गोजीमा हालेपछि कुष्टि लागेर सेता भए फेरि तिनले गोजीमा हात छिराएपछि जसका तस भए ।

- परमेश्वरबाट यी दुईवटा चिन्ह पाइसकेपछि पनि मोसा इज्रेलीहरूले तिनलाई अगुवा मान्दैनन् कि भनी डराएका थिए ।

- मोसले परमेश्वरलाई भनेको कुरा यहाँ लेखिको छ ।

आउनुस् प्रस्थान ४:११-१२ पद पढौं ।

[11] त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, "मानिसको मुख कसले बनायो? अनि मानिसलाई
कसले बहिरो, बोल्न नसक्ने बनाउन सक्छ? कसले मानिसलाई अन्धो बनाउन सक्छ? कसले
मानिसलाई देख्न सक्ने बनाउन सक्छ? त्यो म नै एक हुँ जसले यी सब कर्महरू गर्न सक्छ, म
यहोवा हुँ। [12] यसकारण, तिमी जाऊ, जब तिमी कुरा गर्छौ म तिमीसित हुनेछु। म तिमीलाई भन्नु
पर्ने शब्दहरू दिनेछु।"

- मोसालाई बोल्न सक्ने सामर्थ्य दिने को हुनुहुन्थ्यो ?
- परमेश्वर ।

- मोसालाई राम्रोसँग बोल्न सक्षम पार्ने को हुनुहुन्थ्यो ।
- परमेश्वर ।

- परमेश्वर मोसालाई राम्रोसँग बोल्न मद्दत गर्नेछु भनिरहनुभएको थियो ।

- यद्यपि परमेश्वर मोसालाई इज्रेलीहरूलाई मिश्रबाट निकालिल्याउने अगुवाइ गर्दा सहयोग गर्न चाहनुहुन्थ्यो तर मोसा भने अझै डराइरहेका थिए ।

- आउनुस् त्यसपछि परमेश्वरले मोसालाई के भन्नुभयो पढौं ।

आउनुस् प्रस्थान ४:१३ पद पढौं ।

[13] तर मोशाले भने, "हे मेरो परमप्रभु! मलाई होइन, अरू कसैलाई पठाउनु होस्।"

- किनभने मोसा इज्रेलीहरूलाई मिश्रबाट निकालेर ल्याउन अगुवाइ गर्न डराए त्यसैले परमेश्वर तिनीसँग रिसाउनुभयो ।

- तर परमेश्वरले मोसासँग फारोसँग कुरा गर्नलाई कोही मान्छेले मोसालाई मद्दत गर्नेछ भनि प्रतिज्ञा गर्नभयो ।

आउनुस् प्रस्थान ४:१४-१७ पद पढौं ।

[14] तब परमप्रभु मोशासित रिसाउनु भयो अनि उसलाई भन्नु भयो, "तिम्रो दाज्यू हारून जो लेवी
कुलका हुन्। म हारूनलाई तिम्रो सहायताको निम्ति पठाउनेछु। तिनी कुशल वक्ता हुन्। तिमीलाई
भेट्न हारून आउदैछन् र तिमीलाई देखेर तिनी खुशी हुनेछन्। [15] ऊ तिमीसँग फिरऊन कहाँ जानेछ।
म तिमीहरूलाई भन्नेछु के भन्नु पर्ने हो। तब तिमीले हारूनलाई भन्नुपर्छ, अनि हारूनले
फिरऊनसित बोल्ने सही शब्दहरू चुन्नेछ। [16] तिम्रो दाज्यू हारूनले पनि मानिसहरूसँग बोल्ने छन्।
तिमी महान राजा जस्तै हुनेछौ अनि हारून तिम्रा अधिकृत वक्ता बनिनेछन्। [17] यसर्थ अब तिमी
जाऊ। तिमीसित तिम्रो हिँड्ने लहुरो लैजाऊ अनि मैले बताएको संकेतहरू मानिसहरूलाई देखाऊ
अनि बुझाऊ म तिमीसँगै छु।"

- फारोसँग कुरा गर्न मद्दत गर्न परमेश्वरले कसलाई खटाउनुभयो ।
- हारून जो मोसाका दाइ थिए ।

- किनभने परमेश्वरले मोसालाई तिनको सहयोगको लागि हरूनलाई खटाउनेछु भनी प्रतिज्ञा गर्नुभयो र अन्तमा मोसा सहमत बने ।

आउनुस् प्रस्थान ४:१८ र २० पद पढौं ।

[18] तब मोशा आफ्नो ससूरा यित्रोकहाँ गए। मोशाले तिनलाई भने, "दया गरी मलाई मिश्र देश फर्किन दिनुहोस्। मेरा मानिसहरू अझै जीवित छन् कि? म भेट्न चाहन्छु।" यित्रोले मोशालाई भन्यो, "अवश्य, तिमी शान्तिसित जान सक्छौ।"

[20] यसर्थ मोशाले आफ्नो नानीहरू र पत्नीलाई गधामाथि चढाए अनि मिश्र फर्के। तिनले परमेश्वरको शक्ति भएको आफ्नो लहुरो पनि साथै लगे।

- परमेश्वर मोसासँग धैर्यले काम लिइरहनुभएको थियो ।

- यद्यपि मोसा इज्रेलीहरूलाई मिश्र बाहिर निकालेर ल्याउने कामको अगुवाइ गर्न चाहदैनथे तर पनि परमेश्वरले मोसालाई चुन्नुभयो ।

- परमेश्वरले इज्रेलीहरूलाई किन दासत्वबाट मुक्त गर्न चाहनुभयो ?

- किनभने परमेश्वर तिनीहरूलाई प्रेम गर्नुहुन्थ्यो र उहाँले तिनीहरूलाई दासत्वमा बाँचिरहेको चाहनुभएन ।

- किनभने परमेश्वरले अब्राहामसँग उहाँले तिनीहरूलाई मिश्रबाट निकालेर कनामा फेरि ल्याउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।

- किनभने परमेश्वरले अब्राहामसँग इज्रेलीहरूद्वारा उहाँले उद्धारकर्ता पठाउनुहुनेछ भनी प्रतिज्ञा गर्नुभएको थियो ।

- अर्को पाठमा हामी परमेश्वरले कसरी इज्रेलीहरूलाई बचाउनुभयो भनी पढ्नेछौं ।